# सम्पादकीय

*विकासको निम्ति शिक्षा* यस केन्द्रबाट वार्षिक रूपमा प्रकाशित हुने विज्ञसमीक्षित जर्नल हो । वि.सं. २०३३ बाट प्रकाशनको थालनी भएको यस जर्नलले प्रकाशनको सुरुवातदेखि नै विद्यालय तहदेखि उच्च तहसम्मका शिक्षाको नीति र अभ्यास, आधुनिक शैक्षिक/शैक्षणिक प्रविधि, वैकल्पिक शिक्षा, पाठ्यक्रम, कक्षाकोठाको सिकाइ सहजीकरण प्रक्रिया र शिक्षाका समसामयिक मुद्दासँग सम्बन्धित अनुसन्धानमूलक लेखहरूको प्रकाशनलाई प्राथमिकता दिँदै आएको छ । यसका साथै यो जर्नल यस केन्द्रबाट सम्पन्न अनुसन्धानात्मक कार्यबाट निर्मित ज्ञानलाई सार्वजनिक गर्ने माध्यमका रूपमा पनि रहँदै आएको छ । गर्बिलो इतिहाससहित शैक्षिक जगत्मा स्थापित यो जर्नल २५ औं अङ्कदेखि नेपाल अनलाइन जर्नल (NepJOL) का माध्यमबाट प्रकाशन हुन थालेको छ । स्तरीय अनुसन्धानमूलक लेखहरू समावेश गर्दै समीक्षा र सम्पादनको प्रक्रियालाई व्यवस्थित र वैज्ञानिक बनाई विगतदेखि नै जर्नललाई स्तरीय, परिमार्जित तथा नेपालको शिक्षा प्रणालीसँग सान्दर्भिक बनाउने कार्यमा हामी निरन्तर प्रयासरत छौँ ।

विकासको निम्ति शिक्षाको प्रस्तुत २८ औँ  अङ्क यसको इतिहासको एउटा नयाँ पाइला हो । यस अङ्कमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण अभ्यास, शिक्षण विधि, मूल्याङ्कनल गायतका विषयसँग सम्बन्धित ६ ओटा लेखहरू समावेश गरिएका छन् । यी लेखहरूले तत्तत् विषयक्षेत्रमा चासो राख्ने जिज्ञासु पाठकवर्गलाई सम्बन्धित विषयगत ज्ञान, अनुसन्धानात्मक तथा विश्लेषणात्मक शैलीले लाभान्वित त गर्ने नै छ त्यसका अतिरिक्त सम्बन्धित विषयक्षेत्रको गहन विश्लेषण र यथार्थपरक समीक्षाका माध्यमबाट अनुसन्धानको नवीन क्षितिज चिहाउने आधारभूमि तयार गर्नमा पनि योगदान पुऱ्याउने छ भन्ने अपेक्षा लिएको छु ।

आफ्ना महत्त्वपूर्ण लेख यस जर्नलमा पठाउनुहुने विज्ञ लेखकलाई विशेष धन्यवाद प्रकट गर्दछु । यसका साथै लेखलाई परिमार्जित गर्ने सन्दर्भमा गहन अध्ययन गरी अत्यन्त मिहिनेतपूर्वक लेखको समीक्षा गरिदिनुहुने विज्ञ समीक्षकहरूप्रति विशेष आभार प्रकट गर्दछु । जर्नल प्रकाशनको सम्पूर्ण जिम्मेवारी लिनुहुने शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) कार्यकारी निर्देशक लगायत सेरिड परिवारले सिर्जना गरेको वातावरणले जर्नल प्रकाशनमा अत्यन्त ठुलो भूमिका खेलेको छ । जर्नल प्रकाशनका क्रममा सुरुदेखि अन्त्यसम्म निरन्तर खटिरहनुहुने सम्पादक मण्डलका सदस्यहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ । आगामी दिनमा पनि जर्नललाई पाठक वर्गले उत्तिकै रुचाउनुहुने छ, निरन्तर सकारात्मक सल्लाह एवम् सुझाव दिइरहनुहुने छ अनि विज्ञ लेखकले जर्नलका लागि स्तरीय लेखहरू प्रेषित गरिरहनुहुने छ भन्ने अपेक्षा गर्दछु ।

प्रधान सम्पादक